मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,भातेखोला, बझाङ।

**नागरिक वडापत्र**

| सि.नं. | सेवाको विवरण | सेवाप्राप्त गर्न पेश गर्नु पर्ने कागजातहरू | लाग्ने समय | लाग्ने शुल्क | सम्पर्क गर्ने शाखा |
|---|---|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र सिफारिस | बाबु आमाको ना.प्र.प.को प्रतिलिपि, सनाखत गर्ने घर परिवारका तीन पुस्ता भित्रको सदस्यको ना.प्र. को प्रतिलिपी आवश्यक परेमा सम्बन्धीत वडाको सर्जमिन मुचुल्का, अस्थायी नागरिकताको प्रतिलिपी, दुबै कान देखिने हालसालै खिचेको ३ प्रति मिति २०४७ बैशाख १ गते पछि जन्म हुनेहरुको हकमा जन्मदर्ता प्र.प. शैक्षिक योग्यताको ( जन्ममिति खुलेको) प्रमाण पत्रको प्रतिलिपी (जिल्ला स्तरीय वा एस.एल.सी. को प्रमाण पत्रलाई आधार मानीने छ ।) शैक्षिक प्रमाण पत्र प्राप्त नगर्नु भएका व्यक्तिको हकमा जन्ममिति खुलेको अन्य प्रमाण जस्तै - जन्म कुण्डली, बैवाहिक अंगिकृत नागरिकताको हकमा विदेशी नागरिकता त्यागेको वा त्याग्न लागेको कारवाही चलाएको प्रमाण पत्रको प्रतिलिपी समेत राखि विवाह दर्ता प्रमाण पत्रको प्रतिलीपी नागरिकता प्रमाण पत्र पाउन पुष्टी गर्ने प्रमाणहरुमा जग्गाधनी प्रमाण पुर्जा, मोही दर्ता प्रमाण पुर्जा, बसाइ सराई गरि आएको भए बसाईसराइ प्रमाण पत्रको प्रतिलिपी, विवाहित महिला भए पतिको ना.प्र.प. प्रतिलिपी, विवाह दर्ता प्र.प. प्रतिलिपि र माइली पट्टी आमा बाबु वा दाई भाईको नेपाली ना.प्र.प. तीन पुस्ते भित्रको नातेदारको नाता खुल्ने नाताप्रमाणित पत्र । नागरिकता प्रतिलिपी लिने सिफारिसको हकमा झुत्रो भएको वा हराएको नागरिकताको नम्बर खुलेको प्रमाण पत्र चालु आर्थिक वर्ष सम्ममा \| मष्टा गाउँपालिकालाई बुझाउनु पर्ने एकिकृत सम्पत्तिकर लगायत सम्पूर्ण कर शुल्क बुझाएको प्रमाण । अदालतको फैसलानुसार बुझाउनु पर्ने दण्ड, जरिवाना दस्तुर भए सो बुझाएको प्रमाण \| | सम्पूर्ण कागजात समावेश भै आएको अवस्थामा एक दिन भित्र र अन्य प्रमाणहरू बुझ्नु पर्ने भएमा प्रमाण पुष्टि भएको एक दिन भित्र । | प्रत्येक बर्ष गाँउ परिषदबाट निर्णय भए अनुसार | प्रशासन फाँट |
| २ | घरजग्गा नामसारि सिफारिस | निवेदकको ना.प्र.प. प्रतिलिपी, जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपी, मृतकसँगको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपी, कम्तिमा ५ जना सँधियारहरु समेत रहेको सर्जमिन वडा अध्यक्षको सिफारिस पत्र । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| ३ | नाम, थर शंसोधन सिफारिस | निवेदकको ना.प्र.प. प्रतिलिपी, । नाम, थर फरक परेको सम्बन्धित पुष्टि हुने कागज पत्र । वडा अध्यक्षको रोहवरमा भएको वडा सर्जमिनको सिफारिस पत्र । निवृत्ति भ्रमण पाएका ब्यक्तिहरुको हकमा पट्टा प्रतिलिपी। चालु आर्थिक बर्ष सम्ममा मष्टा गाउँपालिकालाई बुझाउनु पर्ने एकिकृत कर लगायत सम्पूर्ण कर बुझाएको प्रमाण । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| ४ | अस्थायी बसोवास प्रतिलिपी सिफारिस | निवेदकको ना.प्र.प. प्रतिलिपी, मष्टा गाउँपालिका क्षेत्रभित्र बसोवास गर्नु पूर्व कुन स्थानमा बसोवास गर्दै आएको हो, सो पुष्टि हुने कागजात, गाउँपालिका भित्र कुनै कार्यालयमा कार्यरत कर्मचारी भए आफ्नो परिचय पत्र सहित कार्यालयको सिफारिस निवेदकको पेशा ब्यवसाय पुष्टि हुने कागजात वडा सर्जमिन मुचुल्का, मष्टा गाउँपालिकाको सम्पूर्ण कर बुझाएको प्रमाण । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| ५ | घरजग्गा मुल्याङकन सिफारिस | सम्बन्धित ब्यक्तिको ना.प्र.प. प्रतिलिपी, ज.ध.द.प्र.प. प्रतिलिपी, घर निर्माण भएको अवस्थामा नक्शा पास प्र.प. प्रतिलिपी, गा.पा को शहरी क्षेत्र भन्दा बाहिरको वडामा भएमा घर निर्माण गर्न स्वीकृत इजाजत पत्रको प्रतिलिपी, सम्बन्धित वडाको सिफारिस, मष्टा गाउँपालिकाको सम्पूर्ण कर चुक्ता प्रमाण । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ब्यक्तिगत घटनादर्ता ऐन लागु हुनु पूर्व घटेका ब्यक्तिगत घटना सम्बन्धमा | निवेदकको ना.प्र.प. प्रतिलिपी, हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति, सम्बन्धित वडा सर्जमिन मुचुल्का कागज, एकिकृत सम्पत्तिकर लगाएत सम्पूर्ण कर बुझाएको प्रमाण । | " "<br>" " | " "<br>" " | पञ्जीकरण शाखा |
| ७ | व्यक्तिगत घटना दर्ता | | प्रक्रिया पुरा भएमा एक दिन | प्रत्येक बर्ष गाँउ परिषदबाट निर्णय भए अनुसार | पञ्जीकरण शाखा |
| | (क) जन्मदर्ता | बच्चाको बाबु आमाको ना.प्र.प. प्रतिलिपी सहित आफैले अनुसूची २ भरी पेश गर्नुपर्ने । अस्पतालमा जन्म भएको भए सम्बन्धित वडा सर्जमिन मुचुल्का । | " "<br>" " | " "<br>" " | |
| | (ख) मृत्युदर्ता | मृततकको ना.प्र.प. प्रतिलिपी ।मृत्यु अनुसूची ३ भरी घरमुली आफै उपस्थित भई दर्ता गराउनु पर्नेछ । | " "<br>" " | " "<br>" " | |
| | (ग) विवाहदर्ता | दुलाह दुलही दुबैको ना.प्र.प. प्रतिलिपी ।<br>ना.प्र.प. प्राप्त नगर्नु भएको अवस्थामा सम्बन्धित वडा सर्जमिन मुचुल्का । दुलाह दुलही दुबैजना उपस्थित भई अनुसूची ४ पेश गर्नुपर्नेछ । | " "<br>" " | " "<br>" " | |
| | (घ)बसाईसरा दर्ता | घरमुलीको ना.प्र.प. प्रतिलिपी, बसाइसराइ दर्ता सम्बन्धि गाविस / गा.पा.ध.न.प.पु. को प्रमाणित कागज पत्र आवश्यकता अनुसार प्रतिलिपी, घरमुली आफै उपस्थिति भइ अनुसूची - ६ भरी पेश गर्ने । | " "<br>" " | " "<br>" " | |
| | (ङ) सम्बन्ध विच्छेद | सम्बन्धित व्यक्तिको ना.प्र.प. प्रतिलिपी, सम्बन्ध विच्छेद भएको सम्मानित अदालतको फैसला आदेशको प्रमाणित प्रतिलिपी समेत समावेश गरी पुनरावेदन गर्ने म्याद समाप्त भएपछि सरोकारवाला आफै उपस्थित भै अनुसूची ५ भरी पेश गर्नुपर्ने छ । | " "<br>" " | " "<br>" " | पन्जिकरण फाँट |
| ८ | छुट जग्गा दर्ता सिफारिस | ना.प्र.प. प्रतिलिपी, छुट जग्गाको फिल्डबुक उतार, साविक तीरो मृतकको छुट जग्गा भएको अवस्थामा नाता प्रमाणित । छुट जग्गा मा हक प्राप्त हुने अन्य प्रमाण जस्तैः साविकको वण्डा पत्र, राजीनामा, बकसपत्र आदी । मष्टा गाउँपालिकाको सम्पुर्ण कर बुझएको प्रमाण । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| ९ | ब्यापार ब्यवसाय इजाजत | सम्बन्धित व्यक्तिको ना.प्र.प. प्रतिलिपी सहितको निवेदन पत्र । थोक ब्यापार गर्नेको हकमा डिलरसिप प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाण पत्र, मष्टा गाउँपालिकाको सम्पर्ण कर चुक्ता प्रमाण, घर भाडा सम्झौता पत्र। | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| १० | उद्योग स्थापनाको लागि सिफारिस | सम्बन्धित व्यक्तिको ना.प्र.प. प्रतिलिपी, उद्योग स्थापना गर्ने जग्गा भाडामा लिएको भए जग्गा दिने ब्यक्तिको ज.ध.न.प. पु. को प्रतिलिपी र उद्याग संचालन गर्ने घरको नक्सा पास प्रमाणको प्रतिलिपी किल्लाका संधियारहरुको लिखित सहमति पत्र कानुनले निषेध गरेका उद्योग र सडक अवरोध गर्ने गरी तथा वातावरणिय प्रभावमा प्रतिकुल असर आउने उद्योग स्थापना गर्न सिफारिस गरिने छैन । मष्टा गाउँपालिकाको कर बुझाएको प्रमाण । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| ११ | विद्धुत, टेलिफोन तथा खानेपानी सिफारिस | सम्बन्धित ब्यक्तिको ना.प्र.प. प्रतिलिपी, घर नक्सा पास प्रमाणको प्रतिलिपी, २०४५ माघ १५ गते भन्दा अगाडी बनेको घरको हकमा सम्बन्धित वडामा गरिएको सर्जमिन मुचुल्का | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ग्रामिण क्षेत्रको हकमा गा.पा. बोर्डको निर्णय अनुसार आवश्यक पर्ने अन्य प्रमाण । | | | |
| १२ | आयोजनाको भूक्तानी तथा फरफारक गर्दा | लागत अनुसारको कार्य सम्पन्न भएको प्राविधिक मुल्याङ्कन सम्पुर्ण कार्य सम्पन्न भए पछि उपभोक्ता समितिबाट भएको निर्णय प्रतिलिपी, बजेट खर्च भएको पुष्टि हुने कागजातहरु सामाजिक परिक्षण समेत भएका सुपरीवेक्षण समितिको प्रतिवेदन। | " "<br>" " | " "<br>" " | योजना शाखा |
| १३ | कर फरफारक गर्ने सम्बन्धि सिफारिस | सम्बन्धित करदाताको ना.प्र.प.ज.ध.द.प्र.पू. को प्रतिलिपी । घर नक्सा प्रमाण पत्रको प्रतिलिपी । घर नभएको अवस्थामा सम्बन्धित वडा को सर्जमिन मुचुल्का । पेशा व्यवसाय इजाजत पत्रको प्रतिलिपी। चालु आ.वमा मष्टा गाउँपालिकाको सम्पूर्ण कर बुझएको प्रमाण । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| १४ | अध्ययनको लागि विदेश जाँदाको सिफारिस | ना.प्र.प.प्रतिलिपी,जन्ममिति खुलेको शैक्षिक येग्यता प्रमाण पत्रको प्रतिलिपी आर्थिक अवस्था पुष्टि हुने प्रमाणको प्रतिलिपी,कुन तहको अध्ययनको लागि कहाँ जाने हो। र सम्बन्धित कागजात, विद्यार्थिको अभिभावक आफै उपस्थित भइ अध्ययनको लागि विदेश पठाउने मन्जुरीनामा कागज पेश गर्नु पर्नेछ । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| १५ | मोही लगत कट्टा गर्ने सम्बन्धि सिफारिस | निवेदकको ना.प्र.प. प्रतिलिपी मावही कायम भएको प्रमाण पत्रको प्रतिलिपी, मोही लगत दुबै पक्षको मन्जुरीमा लगत कट्टा गर्नु पर्ने भएमा संयुक्त निवेदन वा अन्य कारणवश लगत कट्टा गर्नु पर्ने भएमा आधारभूत प्रमाण सम्मानित अदालतको फैसला बाहेक अन्य कारणबाट भएमा स्थलगत सर्जमिन । सम्बन्धित वडाको सर्जमिन मुचुल्का चालु आ.व. को मष्टा गाउँपालिकाको सम्पूर्ण कर बुझाएको प्रमाण । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| १६ | घर/बाटो प्रमाणित | जग्गाधनीको ना.प्र.प. ज.ध. द.प्र.पु. र घर नक्सापास प्रमाण पत्रको प्रतिलिपी । नापी शाखाबाट प्राप्त जग्गाको नक्सा, घर जग्गा खरिद बिक्री गर्न तयार भएको लिखित कागज निवेदन। | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| १७ | नाता प्रमाणित | सम्बन्धित व्यक्तिको निवेदन. ना.प्र.प. प्रतिलिपी । मृत्यु, जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ प्रमाण पत्रको प्रतिलिपी वडाको सर्जमिन मुचुल्का प्रतिलिपी. २ प्रति फोटो | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| १८ | सामाजिक सुरक्षा तथा वालसंरक्षणभत्ता | ना.प्र.प. प्रतिलिपी,निबेदन, २ प्रति फोटो विधवा महिलाको हकमा पतिको मृत्यु दार्ता प्रमाण पत्रको प्रतिलिपी, अपाङ्गको हकमा महिला तथा वालवालीका कार्यालयबाट प्राप्त अपाङ्ग परिचय पत्रको प्रतिलिपी, वालवालीकाको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी । | " "<br>" " | " "<br>" " | पन्जिकरण फाँट |
| १९ | अपाङ्ग सिफारिस | निवेदन, ना.प्र.प. प्रतिलिपी, सो नभए जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी, स्वास्थ्य रिपोर्ट र २ प्रति फोटो | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| २० | मालपोत बुझाउँदा | ज.ध.द.प्र.पु तथा अघिल्लो वर्ष मालपोत तिरेको रसिद। | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| २१ | पिछडिएको क्षेत्र सिफारिस | सम्बन्धित व्यक्तिको ना.प्र.प. प्रतिलिपी सहित निवेदन/ विवाह दर्ता प्र.प. प्रतिलिपी । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| २२ | उद्योग व्यापार व्यवसाय दर्ता लगतकट्टा | सम्बन्धित व्यवसायिको ना.प्र.प. प्रतिलिपी / चालु आ.व.मा मष्टा गाउँपालिकाको सम्पूर्ण कर बुझाएको प्रमाण | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| २३ | सावारी साधनहरु दर्ता तथा नविकरण | नेपाली ना.प्र.प.प्रतिलिपी, सवारी साधन खरिद गर्दाको विल भौचर सवारी साधनको फोटो २ प्रित । विदेशवाट खरिद गरी ल्याएको भएमा भन्सार निस्साको प्रमाण | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | हलो जुवा तथा काठ सिफारिस | नेपाली ना.प्र.प.,ज.ध.द. प्र. पु. र घर नक्सा पास पत्रको प्रतिलिपी । चालु आ.व.मा मष्टा गाउँपालिकाको सम्पूर्ण कर बुझाएको प्रमाण । | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| २५ | चारकिल्ला प्रमाणित सिफारिस | नेपाली ना.प्र.प, ज.ध.द.प्र.पु. र घर नक्सा पास गरेको प्रमाण पत्रको प्रतिलिपी । नापी कार्यालयबाट प्राप्त जग्गाको नक्सा। | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| २६ | विद्यालय स्वीकृतिको लागि सिफारिस | प्रस्तावीत विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको माग पत्र । विद्यालयको जग्गा भवन, खेलमैदान, फर्निचर लगायतको भौतिक पूर्वाधार विवरण। अध्ययन गर्न आउने विद्यार्थिको संभ्भावित विवरण । अभिभावकहरुको प्रतिबद्धता । शिक्षकहरुको विवरण। | " "<br>" " | " "<br>" " | प्रशासन फाँट |
| २७ | योजना सम्झौता | गाउँपरिषदबाट सम्बन्धित येजनाको वजेट तथा कार्यक्रम स्वीकृत भएको हुनु पर्नेछ । सम्बन्धित वडाबाट उपभोक्ता समिति गठन भइ गाउँपालिका वोर्डबाट उक्त गठित उपभोक्ता समितिलाइ अनुमोदन गरिएको हुनु पर्ने । उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारीहरुको नेपाली ना.प्र.प. प्रतिलिपी, सहित निजहरुको दस्तखत भएको योजना सम्बन्धि माग पत्र हुनु पर्ने छ । सम्झौता गर्दा योजनाको लागत अनुमान एक प्रति समावेश गर्नु पर्नेछ । आयोजनाको कुल लागत मध्ये जनश्रमबाट व्यहोर्ने रकमको हकमा सम्बन्धित पक्षबाट प्रतिबद्धता व्यक्त भएको प्रमाण आवश्यक पर्नेछ । ठेक्का पट्टाबाट निर्माण कार्य गर्दा ठेक्का सम्झौता बमोजिम । | " "<br>" " | " "<br>" " | योजना शाखा |
| २८ | योजनाको किस्ता रकम निकाशा गर्दा | आयोजनाको कुल रकम मध्ये गाउँपालिकाले व्यहोर्ने जति रकम कम्तिमा ३ किस्तामा उपलब्ध गराउने छ। प्रथम किस्ता माग गर्दा आयोजनाको लागत अनुमान, सम्झौता पत्रको वजेट, माग पत्र, समेत राखि पेश गर्नु पर्नेछ । गाउँपालिकाले व्यहोर्ने रकम सम्बन्धि उपभोक्ता समितिको बैंक खाता मार्फत पठाइने/दोश्रो किस्ता माग गर्दा - प्रथम किस्ता रकमबाट भएको कामको प्राविधिक मुल्याङ्कन, रकम खर्च भएको विल भरपाई पेश गर्नुपर्नेछ । अन्तिम किस्ता माग गर्दा- प्राविधिक मुल्याङ्कन सहित आयोजनाको कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, रकम खर्च भएको विल भरपाई, आयोजना स्थानीय उपभोक्ता हरुवाट सामाजिक लेखा परिक्षण भएको कागज र जाँचपास समितिबाट आयोजना फरफारक भएको निर्णय समेत राखि पेश गर्नुपर्ने । आयोजनाको कुल लागत खर्च मध्ये अनुदान तथा जनश्रमदान विवरण स्पष्ट खुल्ने गरी पेश गर्नुपर्ने छ । ठेक्का पट्टाबाट निर्माण कार्य गर्दा ठेक्का सम्झौता बमोजिम । | " "<br>" " | " "<br>" " | लेखा शाखा |